खैरहनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खैरहनी, चितवन
३ नम्बर प्रदेश, नेपाल

फोन ०५६-५८२८८५, ०५६-५८२००६

प.सं. : ०७५।७६
च.नं. : ६४६३

मिति :- २०७५/१२/२१

विषयः- जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई नागरिकता दिने सम्बन्धमा ।

श्री सबै वडा कार्यालय,
खैरहनी, चितवन ।

प्रस्तुत विषयमा गृह मन्त्रालयको प.स. ०७५/०७६, च.नं. ५८३ मिति २०७५/११/१९ को पत्रमा जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई नागरिकता दिने सम्बन्धमा गरेको पत्रको छायाँ कपी यसै पत्र साथ् संलग्न राखी पठाइएको छ । सोहि अनुसार गर्नु गराउनुहुन अनुरोध गरिन्छ ।

पुरुषोत्तम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

नेपाल सरकार
# गृह मन्त्रालय
नागरिकता तथा राहदानी परिचयपत्र व्यवस्थापन शाखा

फ्याक्स नं. ०१-४२११११४६
फोन नं. ०१-४२११२४५
E-mail= nagarikta@moha.gov.np

पत्र संख्याः- नाराप/०७५/७६
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ४८३

सिंहदरवार,
काठमाडौं, नेपाल ।

मितिः-२०७५।१२।१९

विषयः जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई नागरिकता दिने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै (७७ जिल्ला) ।

विद्यमान नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न पेश भएको विधेयक संघीय संसदमा विचाराधीन रहेको लामो समय भएको, सम्मानित सर्वोच्च अदालतबाट जन्मको आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई कानून बमोजिम नागरिकता दिन आदेश भएको र नागरिकका उमेर पुगिसकेका बालिग सन्तानले नागरिकता नपाएर आफ्नो शैक्षिक एवं वृत्ति विकास गर्न नपाई झेलिरहनु परेको समस्यालाई संबोधन गर्न आवश्यक भएकोले, नेपालको संविधानको धारा ११ को उपधारा (३) को व्यवस्था बमोजिम जन्मको आधारमा नेपाली नागरिकता प्राप्त नागरिकका सन्तानले आफ्नो बाबु र आमाको नेपाली नागरिकताको प्रमाणपत्र संलग्न गरी नेपाली नागरिकता पाउन निवेदन दिएमा नेपाल नागरिकता ऐन, २०६३, नेपाल नागरिकता नियमावली, २०६३ र नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ बमोजिम वंशजको आधारमा नागरिकता प्रदान गर्दा अपनाउनु पर्ने कार्यविधि प्रक्रिया अपनाई जे जो बुझ्नुपर्छ बुझी उपयुक्त देखिएमा वंशजको आधारमा नागरिकता प्रदान गर्न सकिने भनी यस मन्त्रालयबाट मिति २०७५।१२।१९ मा (मा.मन्त्रीस्तर) निर्णय भएकोले निर्णयानुसार गर्नु हुन अनुरोध गर्दछु ।

(गंगाप्रसाद न्यौपाने)
उप-सचिव

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
प्रदेश नं.१/प्रदेश नं.२/प्रदेश नं.३/गण्डकी प्रदेश/प्रदेश नं.५/कर्णाली प्रदेश/सुदुरपश्चिम प्रदेश